नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

(मिडिया डेस्क)

बबरमहल, काठमाण्डौ

मिति: २०७७।०४।०५ गते

**बिषय:- “मानव वेचबिखन प्रभावितको उद्दार सम्बन्धमा”**

नेपालमा COVID-19 का कारण शुरु भएको लकडाउन अबधीभर नेपाल तथा भारतका बिभिन्न स्थानबाट मानव बेचबिखन तथा ओसारपसारमा परेका पिडितहरुलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थाहरुको समन्वयमा यस मानव वेचबिखन अनुसन्धान व्युरोद्वारा उद्धार गरिएको विवरण निम्न बमोजिम रहेको छ ।

- **भारत बाट २८ जना**

| सि.न. | उद्दार मिति | उद्दार गरीएको ठाउ | उद्दार संख्या | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७७/०२/२७ | दिल्ली | १ | १ | ० | |
| | मिति २०७६।११।२६ गते शिवरात्रिका दिन बर्ष १३ की नावालिकालाई जन्मदिन मनाईदिने भनि फकाई फुलाइ भारतको ओसान भन्ने ठाउंमा लगि बेचिएको भनि निजको भाउजुले मिति २०७७/०२/१६ गते यस कार्यालयमा उद्दार गरिपाउ भनि निवेदन दिएको हुँदा निज नावालिकालाई मिती २०७७/०२/२९ गते भारतिय प्रहरीको समन्वयमा यस व्युरोले उद्दार गरेको र संलग्न २ जना प्रतिबादीहरुलाई पक्राउ गरी मुद्दा दर्ता गरीएको र निज प्रतिबादीहरु हाल पुर्पक्षमा रहेको । | | | | | |
| २ | २०७७/०३/१७ | दिल्ली | ६ | ६ | ० | |
| | ६ जना महिलाहरुलाई भारत देखी तेश्रो मुलुक कुवेत, ईराक र साउदीमा राम्रो काम लगाई दिने भनि बिभिन्न प्रलोभनमा पारी काठमाण्डौ, पोखरा, बुटवल, दाङ हुँदै नेपालगंज सिमानाबाट भारतको राजधानी दिल्ली शहरको बुरारी जोरदा भन्ने ठाउमा मार्च को १५ तारिखबाट एउटा घरको कोठामा राखी शारिरीक तथा मानसिक यातना दिएको भन्ने खबर प्राप्त हुना साथ  तदनुसार ३० जुन २०२० का दिन दिल्लीमा रहेको | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामाजिक संगठन नेपाली देशभक्त आवाज र नेपालमा रहेको शान्ति पुनर्स्थापना गृह संगको समन्वयमा यस व्युरोले उद्दार गरेको। | | | | | |
| ३ | २०७७/०३/३० | मनिपुर भारत | २१ | २१ | ० | |
| | बिभिन्न समय र मितिमा भारत गएका २१ जना महिलाहरुलाई बिभिन्न संस्थाहरु र भारतस्थीत नेपाली रातदुतावाससंगको सहकार्यमा यस व्युरोले मिती २०७७/०३/३१गते उद्दार गरी काठमाडौ ल्याएको र थप अनुसन्धान कार्य भैरहेको। | | | | | |
| जम्मा | | | २८ | २८ | ० | |

- **नेपालमा १३ जना** (नवलपरासीमा २, कैलालीमा २, सुनसरीमा २, चितवनमा २, कास्कीमा २, मकवानपुरमा १, बर्दिया १ र बांकेमा १) गरी जम्मा ४१ जना मानव बेचबिखन सम्बन्धी पिडितको उद्धार गरी कानून बमोजिम कारवाही भैरहेको ।

**कानुनी प्रावधान**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम अनुसन्धान तथा कानूनी कारवाही भैरहेको।

**थप जानकारीको लागी**

प्रवक्ता / सूचना अधिकारी : प्र.उ. गोविन्द थपलिया (९८५१२९२२०२)

मिति: २०७७।०४।०५ गते